परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २८५ पृष्ठ ४ २०८३ साउन १९ गते मंगलबार 4 August, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## बर्दिबासमा भूमिहीनको लगत सत्कलन र नाप-नक्सा कार्य तीव्र बनाइने



टक नेपाल

बर्दिबास नगरपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, प्रमाणीकरण र नाप-नक्सा कार्यलाई तीव्रता दिन सातबुँदे निर्णय गरेको छ।

नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीको अध्यक्षता तथा महोत्तरीका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला भूमि समस्या समाधान समितिका अध्यक्ष इन्द्र देव यादवको उपस्थितिमा बसेको बैठकले भूमिसम्बन्धी कामलाई प्रभावकारी बनाउन विभिन्न निर्णय गरेको हो। बैठकमा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नापी कार्यालय जलेश्वरका प्रमुख, वडा अध्यक्ष तथा सम्बन्धित निकायका प्रतिनिधिको सहभागिता थियो।

बैठकले साउन १७ गतेभित्र प्रणालीमा प्रविष्ट हुन बाँकी सबै निवेदन अनलाइन प्रणालीमा दर्ता गर्ने निर्णय गरेको छ। एउटै व्यक्ति वा परिवारका तर्फबाट परेका एकभन्दा बढी निवेदनमध्ये एउटा मात्रै कायम गरी बाँकी खारेज गरिनेछ।

यस्तै, भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण र नाप-नक्सा कार्यमा स्थानीय तह तथा वडा तहमा क्रियाशील राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधिलाई समेत सहभागी गराइने निर्णय भएको छ।


बैठकले निवेदन दर्तापछि विवरण तत्काल अनलाइन प्रणालीमा प्रविष्ट गरी निस्सा उपलब्ध गराउने, वडा कार्यालयमार्फत सार्वजनिक सूचना प्रकाशन गर्ने तथा दाबी-विरोधसम्बन्धी उजुरीको छानबिनपछि मात्रै अन्तिम प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ।

प्रमाणित विवरण नगर कार्यपालिकाबाट स्वीकृत गरी जिल्ला भूमि समस्या समाधान समितिमा पठाइनेछ। साथै, स्थानीय तथा वडा स्तरीय भूमि समस्या सहजीकरण समितिमा सम्बन्धित डिभिजन वा सब-डिभिजन वन कार्यालयका प्रतिनिधिको अनिवार्य सहभागिता सुनिश्चित गरिने निर्णय गरिएको छ।

बैठकले भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन सकिने जग्गाको पहिचान गरी नाप-नक्साका लागि जिल्ला समितिमा सिफारिस गर्ने तथा मापदण्डअनुसार दस्तुर निर्धारण गरी सिफारिस गर्ने निर्णयसमेत गरेको छ।

नगरपालिकाले यी निर्णय कार्यान्वयनमा आएपछि भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, प्रमाणीकरण र लालपुर्जा वितरण प्रक्रियाले थप गति लिने विश्वास व्यक्त गरेको छ।

## सडकबत्ती नबल्दा राजविराज अन्धकारमा सर्वसाधारण सास्तीमा



टक नेपाल

राजविराज नगरपालिकाभित्रका अधिकांश सडकबत्ती लामो समयदेखि नबलेपछि र ातिको समयमा सर्वसाधारणलाई आवतजावत गर्न समस्या भएको छ। मुख्य बजारदेखि विभिन्न वडासम्मका सडक अन्धकारमय हुँदा दुर्घटना तथा आपराधिक गतिविधिको जोखिमसमेत बढेको स्थानीयको गुनासो छ।

राजविराज-२ की सकिना खातुनले बजारबाट राति घर फर्किनुपर्दा सडकबत्ती नबल्ने भएकाले वर्षायाममा झन् बढी सास्ती हुने बताइन्। "अधिकांश पोलमा बत्ती छैन। अन्धकारमा हिँड्न निकै कठिन भइरहेको छ," उनले भनिन्।

इन्टेलेक्चुअल नेपाल सप्तरीका अध्यक्ष तथा शैक्षिक अभियन्ता डा. सूर्यप्रसाद यादवले मुख्य बजारदेखि टोल-टोलसम्म सडकबत्ती नबल्दा पनि जनप्रतिनिधिको पर्याप्त चासो नदेखिएको टिप्पणी गरे। सार्वजनिक सुरक्षाका लागि सडकबत्ती नियमित सञ्चालन हुनुपर्ने उनको भनाइ छ।

यता, राजविराज नगरपालिकाका नगर प्रमुख इसरत परविनले नयाँ सडकबत्ती खरिद भइसकेको र हाल गुणस्तर परीक्षणका लागि काठमाडौं पठाइएको जानकारी दिए। पर ीक्षण प्रतिवेदन प्राप्त हुनासाथ बत्ती नभएका सबै पोलमा नयाँ सडकबत्ती जडान गरिने उनले बताए।

नगर प्रमुख परविनले सार्वजनिक सडकबत्तीको दुरुपयोग रोक्न पनि आग्रह गर्दै समयमै बत्ती बाल्ने र निभाउने व्यवस्थाले यसको आयु बढ्ने तथा मर्मतसम्भारको खर्च कम हुने उल्लेख गरे।






टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

सम्पादकीय

## अनलाइन हिंसाका समाधान

सामाजिक सञ्जालले नागरिकलाई विचार अभिव्यक्ति, सूचना आदानप्रदान र सार्वजनिक बहसमा सहभागी हुने अभूतपूर्व अवसर दिएको छ। तर यही डिजिटल माध्यम महिलामाथि हुने लैङ्गिक हिंसा, ट्रोलिङ, चरित्रहत्या, धम्की र साइबर दुर्व्यवहारको प्रमुख थलो बन्दै जानु गम्भीर चिन्ताको विषय हो। सार्वजनिक जीवनमा सक्रिय महिला राजनीतिज्ञ, पत्रकार, कलाकार र अभियन्ताले आफ्नो कामभन्दा बढी व्यक्तिगत जीवन, रूपरङ, पहिरन वा लैङ्गिक पहिचानमाथि केन्द्रित आक्रमण सहन बाध्य हुनु लोकतान्त्रिक मूल्यविपरीत हो।

स्वस्थ आलोचनाले व्यक्तिको विचार, नीति र कार्यसम्पादनको मूल्याङ्कन गर्छ, तर लैङ्गिक ट्रोलिङको उद्देश्य महिलाको आत्मविश्वास कमजोर बनाउँदै सार्वजनिक जीवनबाट पछि हट्न बाध्य पार्नु हुन्छ। यस्तो प्रवृत्तिले अभिव्यक्ति स्वतन्त्रता, समान सहभागिता र लैङ्गिक समानतामाथि प्रत्यक्ष असर पारिरहेको छ। डिजिटल प्लेटफर्ममा फैलिने घृणायुक्त सामग्रीले मानसिक स्वास्थ्य, सामाजिक प्रतिष्ठा र व्यावसायिक जीवनमा समेत दीर्घकालीन नकारात्मक प्रभाव पार्छ।

यस समस्याको समाधान कानुनी कारबाहीमा मात्र सीमित हुन सक्दैन। साइबर अपराधसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन, सामाजिक सञ्जाल कम्पनीको जवाफदेहिता, डिजिटल साक्षरताको विस्तार र पीडितमैत्री उजुरी प्रणाली आवश्यक छ। साथै, सञ्चार माध्यम, शैक्षिक संस्था र नागरिक समाजले सम्मानजनक डिजिटल संस्कृतिको विकासमा सक्रिय भूमिका खेल्नुपर्छ।

लोकतन्त्रको सार सबै नागरिकले भयमुक्त रूपमा आफ्ना विचार राख्न पाउनु हो। महिलालाई अपमान, धम्की र ट्रोलिङको डरबिना सार्वजनिक जीवनमा सहभागी हुने वातावरण सुनिश्चित गर्न सके मात्र डिजिटल माध्यम वास्तवमै समावेशी र उत्तरदायी बन्न सक्छ। त्यसैले अनलाइन लैङ्गिक हिंसाविरुद्ध सरकार, प्रविधि कम्पनी, सञ्चार माध्यम र नागरिक सबैले साझा जिम्मेवारीका साथ अघि बढ्नु आजको अपरिहार्य आवश्यकता हो।

# सक्कट टार्न जल पुनर्भरणव

**मधेशमा जलसङ्कट गहिरिदै, दीर्घकालीन समाधानका लागि जल पुनर्भरणमा जोड।**



• टक नेपाल

मधेशमा देखिएको जलसङ्कटलाई तत्कालीन मौसमी समस्या नभई जलवायु परिवर्तन, भूमिगत जलको अत्यधिक दोहन, चुरेभाबर क्षेत्रको विनाश र कमजोर जल व्यवस्थापनबाट सिर्जित दीर्घकालीन संरचनागत सङ्कटका रूपमा औँल्याइएको छ। यसका लागि व्यवस्थित पुनर्भरण, चुरेभाबरको संरक्षण, जलवायु उत्थानशील पानी बाँडफाँट र पाइपयुक्त खानेपानी प्रणालीको प्रवर्धन गर्नुपर्ने समेत आवश्यकता औँल्याइएको छ।

राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिले राष्ट्रिय सभामा पेस गरेको 'मधेश प्रदेशमा बढ्दो पानी अभाव' लाई सम्बोधन गर्न आपत्कालीन राहतसहित दीर्घकालीन दिगो जल व्यवस्थापनसम्मका उपाय समेटिएको अध्ययन प्रतिवेदनमा यस्तो औँल्याइएको हो। समितिका सभापति कृष्णप्रसाद पौडेलले सभाको सोमबारको बैठकमा सो प्रतिवेदन पेस गर्नुभएको हो।

मधेश प्रदेशमा देखिएको पानीको सङ्कट टार्न सकिएन भने आगामी दिनमा जटिल अवस्था आउन सक्ने उहाँले बताउनुभयो। समितिको गत वर्ष साउन १५ गतेको बैठकले मधेशको जलसङ्कटबारे अध्ययन गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता उपसमिति गठन गऱ्यो। सो उपसमितिले बुझाएको अध्ययन प्रतिवेदनको प्रारम्भिक मसौदामाथि विज्ञ, नेपाल सरकारका सम्बन्धित निकाय तथा विकास साझेदारसँग छलफल गरी अन्तिम प्रतिवेदन तयार गरिएको हो।

### अध्ययनको निचोड

समितिले भूमिगत जल सतह दुईदेखि तीन मिटरले घटेको, हातेपम्पको सक्सन सीमा करिब ७-८ मिटर तल झरेको, पानी सतहमा वार्षिक रूपमा २-४ मिटरको गिरावट आएको, हातेपम्प सुक्ने दर करिब ९० प्रतिशत पुगेको (धनुषाको हंसपुर), खानेपानीको मुख्य स्रोत हातेपम्पमा ७१ प्रतिशत घरधुरी आश्रित रहेको र सामान्यभन्दा ३० देखि ५० प्रतिशत वर्षामा कमी भएको अध्ययनको निचोड थियो। राष्ट्रिय सभा नियमावली अनुसार समितिले विषयगत समितिले आफ्नो कार्यसम्पादनसम्बन्धी राय तथा सिफारिससहितको प्रतिवेदन सभामा पेस गर्न सक्ने व्यवस्था छ। समितिले आफ्नो कार्यक्षेत्रभित्रको विषयसँग सम्बद्ध सरकारका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलाप मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्ने छ।

प्रतिवेदनमाथि सभामा छलफल भएपछि आवश्यक निर्देशन सम्बन्धित निकायलाई दिइने छ। सभापति पौडेलले राष्ट्रिय सभाले गरेको अध्ययनको अपनत्व सङ्घीय संसद्ले लिने गरी आगामी कार्ययोजनाबारे बृहत् छलफलको आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, "प्रतिनिधि सभाको पूर्वाधार विकास समितिका सभापतिसँग समेत यस विषयमा छलफल भएको छ। सङ्घीय संसद् सचिवालयसँगको समन्वयमा प्रतिवेदनको अपनत्वको दायरा बढाएर सिफारिस कार्यान्वयनका लागि प्रभावकारी प्रयास गर्ने छौँ।"

### जल अभावले निम्तिएको सक्कट

जेठ लाग्नासाथ मधेश प्रदेशको जनकपुरधामसहित महोत्तरीको जलेश्वर र वरिपरिको क्षेत्र तथा रौतहट र बाराको केही भाग तथा पर्साको वीरगन्जमा खानेपानीको चरम अभाव देखिएको छ। यो क्रम पछिल्लो तीन वर्षयता बढ्दै गएको छ। मधेश प्रदेश सरकारले २०८२ असार २६ गते मधेश सुक्खा क्षेत्र घोषणा गऱ्यो। सङ्घीय सरकारले २०८२ साउन ८ गते मधेश प्रदेशलाई तीन महिनाका लागि विपत् सङ्कटग्रस्त क्षेत्र घोषणा गऱ्यो।

लगत्तै राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिले सो विषयमा अध्ययन गऱ्यो। अध्ययनले जलवायु परिवर्तनले वर्षाको समय र ढाँचामा परिवर्तन हुनु, सुक्खायामको अवधि लम्बिनु, वाष्प उत्सर्जनमा वृद्धि हुनु तथा भूमिगत जल पुनर्भरणको प्राकृतिक जलचक्रमा अनिश्चितता थपिनु जस्ता कारणले जलस्रोत व्यवस्थापन मधेशको प्रमुख चुनौती बन्न पुगेको देखाएको छ।

समितिको प्रतिवेदनमा 'गत वर्षको मनसुनमा औसतभन्दा एक तिहाइ कम वर्षा भएको छ, छोटो अवधिको मौसमी घटना मात्र नभई पुनर्भरण र निष्कासनबिचको प्रणालीगत असन्तुलनको उपज मधेशमा खडेरी देखिएको' उल्लेख छ। अध्ययन प्रतिवेदनमा जलभण्डारको भरपर्दो र व्यावहारिक स्रोतका रूपमा भूमिगत जलको अत्यधिक दोहनको दबाब बढ्दै गएको र पानीको उपलब्धता घट्दै गएको उल्लेख छ। भूमिगत जलस्रोत करिब दुईदेखि तीन मिटरसम्म घटेको देखिन्छ।

हातेपम्प, इनार तथा ट्युबवेलबाट पानी आउन छाडेको र यसले खानेपानी तथा कृषि क्षेत्रमा गम्भीर असर परेको देखाएको छ। मधेश प्रदेशका आठ वटै जिल्लालाई समेटेर गरिएको अध्ययनमा प्रदेशको पश्चिमी र मध्यक्षेत्रका जिल्लाहरूमा भूमिगत जलसतह तीन मिटरभन्दा बढी घटेको र हातेपम्पको सक्सन सीमा सतहबाट करिब सातदेखि आठ मिटरभन्दा तल झरेकाले करिब ६० प्रतिशत हातेपम्पबाट पानी आउन छाडेको जनाइएको छ।

### समाधानका उपाय

समितिले व्यवस्थित पुनर्भरण, चुरेभाबरको संरक्षण, जलवायु उत्थानशील पानी बाँडफाँट र पाइपयुक्त खानेपानी प्रणालीको प्रवर्धनमा जोड दिएको छ। प्रतिवेदनले अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन रूपमा नीतिनिर्माताले गर्नुपर्ने कार्य सिफारिस गरेको छ। अल्पकालीन कार्य अन्तर्गत तत्काल राहत र पुनः प्राप्ति, मध्यमकालीन कार्यहरू अन्तर्गत वर्षाको पानी सङ्कलन र कृत्रिम पुनर्भरण आयोजनाहरूलाई व्यापक रूपमा कार्यान्वयन गर्न समितिले सुझाव दिएको छ।

यसैबिच राष्ट्रिय सभामा मधेशी आयोगको वार्षिक प्रतिवेदन पेस भएको छ। सभाको मङ्गलबारको बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले 'मधेशी आयोगको आर्थिक वर्ष २०८०/८१ र आर्थिक वर्ष २०८१/८२' को वार्षिक प्रतिवेदन पेस गर्नुभयो।

# १ सय ९ किलो गाँजासहित दुई भारतीय नागरिक पक्राउ

• टक नेपाल

सर्लाहीको लालबन्दी नगरपालिका-१, नवलपुरबाट प्रहरीले करिब १ सय ९ किलोग्राम लागूऔषध गाँजा सहित दुई भारतीय नागरिकलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय नवलपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालयको संयुक्त टोलीले सोमबार बिहान करिब ५ बजे चेकजाँचका क्रममा भारतबाट आएको बीआर ०९ एम ३७६६ नम्बरको कार रोकेको थियो।

जाँचका क्रममा कारको डिक्कीभित्र २३ वटा पोकामा लुकाएर राखिएको करिब १ सय ९ किलोग्राम गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा भारतको बिहार राज्य, सीतामढी जिल्ला निवासी २६ वर्षीय दीपक कुमार महतो र २५ वर्षीय अमन कुमार रहेका छन्। दीपक कार चालक हुन् भने अमन सोही कारमा सवार थिए।

प्रहरीका अनुसार बरामद गाँजा कहाँबाट ल्याइएको र कहाँ लैजान लागिएको थियो भन्ने विषयमा अनुसन्धान भइरहेको छ। पक्राउ परेका दुवै जनामाथि लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।






टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक



# सिकाइबाटै उत्कृष्ट नतिजा

जीवन राज दाहाल ।

विगतबाट सिक्दै नयाँ विकल्प खोज्ने कार्य मानव सभ्यतासँगै जोडिँदै आएको छ। यसले नै मानिसलाई नयाँ उपाय खोज्न प्रेरित गरिरहेको छ। युवल नोहा हरारीले पनि मानव सभ्यता विगतका गल्ती र असफलताबाट सिक्दै अघि बढेको प्रक्रियाका रूपमा अर्थ्याएका छन् ।

विगतबाट नसिक्नु वा नतिजा नदिए पनि उही काम हरेक वर्ष दोहोऱ्याइरहनु भनेको राम्रो अवस्था होइन । यसबाट सुधारको मार्गतर्फको यात्रा सुरु नै हुँदैन । विगतबाट नसिक्नेहरू उही गल्ती दोहोऱ्याइरहन्छन् । एउटै काम बारम्बार दोहोऱ्याइरहनु र फरक नतिजाको अपेक्षा गर्नु उचित होइन । कुनै विद्यालय वा शैक्षिक संस्थामा हेर्दा पनि हरेक वर्ष उस्तै समस्या दोहोरिइरहेको देखिन्छ । उदाहरणका रूपमा हरेक वर्ष सुनिने विद्यार्थी अध्ययनमा मन लगाउँदैनन्, अभिभावक विद्यालयमा सक्रिय सहभागिता जनाउँदैनन् र सिकाइ उपलब्धि सुधार भएको छैन, शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी भएनन् आदिलाई लिन सकिन्छ ।

शिक्षामा उस्तै खालका समस्या हरेक वर्ष रहिरहनुका पछाडि मुख्यतः दुइटा कारण हुन सक्छन् । पहिलो- समस्या समाधानका उपाय पहिचान गर्न नजानेर पनि यस्तो भइरहेको हुन सक्छ । दोस्रो- जिम्मेवार व्यक्ति वा निकायको हेलचेक्र्याइँले पनि यस्तो  भइरहन सक्छ । यसले गर्दा विगतबाट नसिकी उही काम गरिरहने प्रवृत्तिले निरन्तरता पाएको हुन सक्छ । यस्तो अवस्था कक्षाकोठा एवं विद्यालयमा मात्र नभई मुलुकका हरेक क्षेत्रमा उत्तिकै हुन सक्छ ।

## समाधानका दुई उपाय

विगतबाट सिक्न खोज्नु मानवीय स्वभाव नै हो । यो सबैका हकमा उही रूपमा लागु हुन्छ भन्ने नहुन सक्छ । व्यक्ति आफूलाई सुधार गर्नु पर्छ भन्ने विषयमा संवेदनशील भए सिक्न पनि सक्छन्, अन्यथा अरूलाई दोष देखाएर पन्छिने प्रवृत्ति हाबी हुन सक्छ । यस्तो अवस्था व्यक्तिमा मात्र नभई सार्वजनिक पदाधिकारी एवं विद्यालय र शैक्षिक संस्थामा हुन सक्छ । विगतबाट सिकेर गल्तीलाई नदोहोऱ्याउने हो भने नयाँ काम हुन सुरु हुन्छ । विगतबाट सिक्न हरेक विगतको निर्मम समीक्षा आवश्यक हुन्छ ।

हरेक वर्षको साउन त गएको वर्षमा भएगरेका कामको समीक्षा गर्ने समय हो । नयाँ आर्थिक वर्ष भनेको पुरानो वर्षमा भएका कामबाट सिकेर त्यही गल्ती नदोहोऱ्याउने उपाय खोजी गर्ने समय हो । नयाँ आवलाई नयाँ काम गर्ने समयका रूपमा मात्र नलिई जिम्मेवारी बाँडफाँट गर्ने समयका रूपमा पनि लिनु पर्छ ।

साउनमा हरेक शैक्षिक संस्थामा दुई वटा मूल काम गर्न उपयुक्त हुन्छ । पहिलो- गत आवमा भएगरेका कामका बारेमा निर्मम ढङ्गबाट समीक्षा गर्ने अर्थात् हामीले गएको वर्ष के के काम गऱ्यौँ ? के के उपलब्धि हासिल गऱ्यौँ ? के कस्ता उपलब्धि हासिल गर्न सकेनौँ ? कहाँ कहाँ कमजोरी रह्यो ? आदि प्रश्नमा गहिरो विश्लेषण चाहिन्छ । हामीकहाँ धेरै समीक्षा बैठक प्रभावकारी बन्न नसकेको देखिन्छ । पहिलो- यसलाई हतारमा गरिन्छ; जहाँ सार्थक ढङ्गबाट बहस हुनै सक्दैन । सतही बहसबाट कारणसम्म पुग्नै सकिँदैन । दोस्रो- यस्ता समीक्षा बैठक यो यो काम गरियो भनेर फेहरिस्त सुनाउने अनि अरूको कारणले यो भएन वा त्यो भएन भनेर देखाउने ‘फोरम’ का रूपमा रूपान्तरण हुँदै छन् । जब यस शैलीमा जान्छौँ अनि अमूक व्यक्ति, शाखा वा महाशाखाले काम नगरेको वा काम गर्न नसकेको भन्नेमा पुगिन्छ । यसले समीक्षालाई आरोपप्रत्यारोपमा लैजान्छ र समीक्षाको मूल मर्म नै ‘डेभियट’ हुन पुग्छ । समीक्षा भनेको कमीकमजोरी औँल्याउने वा अरूलाई देखाएर उम्कने काम मात्र होइन, यो त स्वीकारोक्ति र सिकाइ विकास गर्ने संयन्त्र पनि हो ।

यस्ता समीक्षा कसैलाई दोष दिनभन्दा पनि अवस्था विश्लेषणका लागि प्रयोग गऱ्यौँ भने मात्र त्यसबाट सिकाइ हासिल हुन सक्छ । समीक्षाको अन्त्यमा के के सिकाइ भयो भनेर सोको अभिलेखीकरण गरी कुन कुन स्थानमा कस कसले सुधारका उपाय तय गर्ने भन्नेबारेमा पनि त्यहीँ नै यकिन गर्नु पर्छ, अनि मात्र समीक्षा प्रभावकारी भएको मानिन्छ ।






**समीक्षालाई संस्थागत रूपमा अनिवार्य बनाऔँ । नतिजा नदिने काम नदोहोऱ्याऔँ । यसबाट हासिल गरिएका सिकाइको अभिलेखीकरण गरौँ । यस्ता सिकाइलाई नयाँ कार्ययोजना निर्माणमा प्रयोग गरौँ । यसबाट संस्थागत विकासको सुरुवात हुन्छ ।**

हरिप्रसाद लम्साल

यस्ता समीक्षा हतारमा गरेर काम सकौँ भन्ने विषय होइन । यसमा सम्बद्ध सबै पक्षको सहभागिता चाहिन्छ । गम्भीर ढङ्गबाट लेखाजोखा चाहिन्छ । उदाहरणस्वरूप विद्यालय तहमा समीक्षा गर्दा शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, व्यवस्थापन समिति र अन्य सरोकारवाला निकायको सहभागिता अनिवार्य हुन्छ ।

आफ्नो निकाय वा संस्थाको समीक्षा गरिरहँदा मुख्य दुई विषयमा विशेष सचेत हुन जरुरी हुन्छ । पहिलो- हासिल गरिएको सफलतामा सामूहिक जस लिनेदिने प्रवृत्ति चाहिन्छ । सफलताका कारकलाई निरन्तरता चाहिन्छ । नयाँ समयमा यसलाई थप बलियो र अझ प्रभावकारी बनाउने उपायमा पनि ध्यान चाहिन्छ । दोस्रो- हासिल गर्न नसकेका कामका बारेमा कसैलाई दोषारोपण गर्नेभन्दा पनि कारण खोज्नेतिर ध्यान दिनु पर्छ । अनि त्यसबाट के सिकाइ हासिल भयो भनेर तय गर्न सक्नु पर्छ । त्यही सिकाइलाई आगामी दिनमा प्रयोग गर्ने जोस र जाँगर चाहिन्छ ।

साउनमा सबै पक्षको सहभागितामा कसैलाई दोष नदिई विगतबाट सिक्दै अगाडि सुधार गर्ने उपाय खोजी एवं प्रयोग गर्नमा व्यतीत गर्न उपयुक्त हुन्छ । समीक्षाले ‘बेसलाइन’ बनाउन पनि सहयोग गर्छ । त्यहाँबाट थुप्रै सिकाइ भइरहेको पनि हुनु पर्छ । त्यही ‘बेसलाइन’ विन्दुबाट उक्त सिकाइको प्रयोग गर्ने काम सुरु गर्नु पर्छ । यस्तै समीक्षाबाट नयाँ कार्ययोजनामा सिकाइलाई समावेश गर्नु पर्छ । यस कार्यबाट संस्थागत रूपमा हासिल गरिएको सिकाइ नयाँ वर्षमा सर्दै जान्छ । समीक्षाले राम्रा कामलाई अझ मजबुत बनाउने मात्र नभई विगतका गल्ती नदोहोऱ्याउने उपाय पनि प्रदान गरिरहेको हुन सक्छ ।

साउनमा हरेक शैक्षिक संस्थाले गर्नैपर्ने दुई काममध्ये अर्को काम नयाँ वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना निर्माण गर्नु हो । जब शैक्षिक संस्थामा वस्तुगत ढङ्गको समीक्षा सकिन्छ, अनि पुनः सामूहिक रूपमा यस्तो कार्ययोजना निर्माण गर्नु पर्छ । यस्ता कार्ययोजनामा नयाँ आवमा ‘के के काम गर्ने ?’ मात्र नभई ती काम ‘कसरी, कहिले, कसले र किन ?’ गर्ने भन्नेबारेमा स्पष्टता चाहिन्छ ।

उदाहरण विद्यालयको लिऊँ । विद्यालयको योजना तीन वटा स्तम्भमा आधारित हुन सक्छन् । पहिलो- शैक्षिक गुणस्तर सुधार; जहाँ विद्यार्थीको सिकाइ उपलब्धि सुधारमा केन्द्रित प्रयास गरिन्छन् । दोस्रो- संरचनात्मक विकास; जस अन्तर्गत भौतिक, प्राविधिक, स्रोतगत सुधार आदि हुन सक्छन् । तेस्रो- सामुदायिक संलग्ता; जहाँ अभिभावक, स्थानीय निकाय र समाजसँगको सहकार्यका विषय हुन सक्छन् । यसरी समीक्षाले ‘बेसलाइन’ अनि नयाँ काम र त्यसको जिम्मेवारी बाँडफाँट तय गर्न सहयोग गर्न सक्छ ।

जब काम बाँडफाँट गरिन्छ, यसले सबैको अपनत्व विकासमा पनि सहयोग पुग्छ । प्रभावकारी व्यवस्थापनको नियमले पनि यही भन्छ । यस अनुसार त काम आफू मात्र गर्ने होइन, अरूबाट गराउने हो । हाम्रा अधिकांश शैक्षिक संस्थामा कागजमा कामको बाँडफाँट भए पनि अधिकार र जवाफदेहिताको बाँडफाँट एवं निक्षेपण नभएको देखिन्छ । काम मात्र दिई निर्णय गर्ने अधिकार दिइएन भने त्यहाँ काम हुँदैन । निर्णयका लागि सधैँ अरूलाई कुर्नुपर्ने भएपछि ‘ओनरसिप’ अर्थात् स्वामित्वबोध पनि हुँदैन ।

म नभए कामै बिग्रिन्छ भन्ने सोचमा रहेर अहिलेको समयमा काम हुन सक्दैन । शैक्षिक संस्थामा अपनत्व विकास र प्रगतिका लागि नेतृत्व ‘हिरो सिन्ड्रोम’ र ‘माइक्रो म्यानेजमेन्ट’ को अवधारणाबाट बाहिर आउनै पर्छ । एक्लै १२ घण्टा काम गरेर पनि नतिजा आउने होइन । यस्तो हुनु भनेको कार्यकुशलता होइन, बरु यो त साङ्गठनिक असफलता हो । सिस्टम अर्थात् प्रणाली बसाल्ने काममा जोड दिनु पर्छ । नयाँ कार्ययोजना निर्माण गर्दा कामको बाँडफाँटका साथमा अनुगमन संयन्त्र बनाउने काम पनि गर्नु पर्छ; जुन अपनत्व विकास र सुधारको ‘मास्टर की’ हो ।

नयाँ कार्ययोजना निर्माण गर्दा जिम्मेवारी र अधिकार सँगै दिने व्यवस्था गर्न सके फरक अवस्था सिर्जना गर्न सकिन्छ । उदाहरणका लागि अतिरिक्त क्रियाकलाप प्रमुखलाई पुरस्कार किन्न वा कार्यक्रमको रूपरेखा तय गर्न काम र खर्च गर्ने अधिकार दिन सकिन्छ । यस क्रममा दोस्रो तहको नेतृत्वको विकासमा पनि ध्यान दिनु पर्छ; जसले गर्दा सानातिना समस्या तल्लो तहमै सुल्झिन्छन् । नेतृत्वले दीर्घकालीन नीति र योजनामा ध्यान दिन पाउँछन् । नयाँ कार्ययोजना निर्माणमा ध्यान दिनुपर्ने अर्को महत्वपूर्ण पक्ष भनेको अनुगमनमा जोड दिनु हो । शैक्षिक संस्थामा हरेक हप्ता वा १५ दिनमा सङ्क्षिप्त समीक्षा बैठक बस्नु उपयुक्त हुन्छ; जहाँ कसले के गऱ्यो र कहाँ बाधा अडचन आयो ? भन्नेबारे छलफल गर्न सकिन्छ । यस्ता काममा प्रविधि प्रयोग गर्न सकिन्छ ।

समीक्षालाई संस्थागत रूपमा अनिवार्य बनाऔँ । नतिजा नदिने काम नदोहोऱ्याऔँ । यसबाट हासिल गरिएका सिकाइको अभिलेखीकरण गरौँ । यस्ता सिकाइलाई नयाँ कार्ययोजना निर्माणमा प्रयोग गरौँ । यसबाट संस्थागत विकासको सुरुवात हुन्छ । यस्तै सिकाइबाट साना र मसिना काममा सुधार गर्दै गएपछि मात्र ठुलो नतिजा हात लाग्ने हो । मानवीय जीवन रहेसम्म सिकाइ भइरहन सक्छ ।

## धनुषामा निषेधाज्ञा हट्यो
# मधेशमा जनजीवन सामान्य बन्दै

टक नेपाल

जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाम उपमहानगरपालिकासहित जिल्लाका केही क्षेत्रमा जारी गरिएको निषेधाज्ञा हटाएको छ । आन्दोलनरत पक्षले आफ्ना सबै कार्यक्रम फिर्ता लिएपछि र सुरक्षा अवस्था सामान्य बन्दै गएपछि सोमबार बिहान ५ बजेदेखि निषेधाज्ञा हटाइएको हो ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी सूचनाअनुसार जिल्ला सुरक्षा समितिको निर्णयका आधारमा निषेधाज्ञा हटाइएको हो । प्रशासनले पछिल्लो सुरक्षा अवस्थाको समीक्षा गर्दा जनजीवन सामान्यीकरणतर्फ उन्मुख भएको निष्कर्ष निकाल्दै शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्न सबैसँग सहयोगको अपिल गरेको छ ।

सुनसरीको देवानगञ्जमा साउन १० गते भएको घटनापछि उत्पन्न तनावका कारण धनुषामा साउन १४ देखि १६ गते बिहानसम्म कर्फ्यु जारी गरिएको थियो। त्यसपछि कर्फ्यु हटाएर निषेधाज्ञा लागू गरिएको थियो ।

विवाद समाधानका लागि गृहमन्त्री सुदन गुरुङले आन्दोलनकारीसँग छलफल गरी माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएपछि आन्दोलनरत पक्षले विरोधका कार्यक्रम स्थगित गरेको थियो । त्यसपछि जिल्लाको सुरक्षा अवस्था क्रमशः सामान्य बन्दै गएको प्रशासनले जनाएको छ ।

यसैबीच, सुनसरी घटनापछि तनावग्रस्त बनेको मधेश प्रदेशमा पनि जनजीवन सामान्य अवस्थामा फर्किन थालेको छ । धनुषा, सिरहा र सप्तरीका केही क्षेत्रमा जारी कर्फ्यु तथा निषेधाज्ञा हटाइएपछि यातायात सञ्चालन, बजार खुल्ने तथा दैनिक गतिविधि नियमित हुन थालेका छन् ।

स्थानीय प्रशासनले सर्वसाधारणलाई अफवाहमा विश्वास नगर्न, सामाजिक सद्भाव कायम राख्न र शान्ति-सुरक्षा कायम गर्न सहयोग गर्न आग्रह गरेको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# नेपालमा डेंगु संक्रमण बढ्दो, २ हजारभन्दा बढी संक्रमित



• टक नेपाल

नेपालमा डेंगु संक्रमण पुनः तीव्र रूपमा फैलिन थालेको छ। स्वास्थ्य सेवा विभाग अन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार २०८२ पुसदेखि २०८३ साउन १५ गतेसम्म देशका ७२ जिल्लामा २ हजार २५ जनामा डेंगु संक्रमण पुष्टि भएको छ भने दुई जनाको मृत्यु भएको छ।

महाशाखाको पछिल्लो प्रतिवेदनअनुसार कोशी प्रदेशमा सबैभन्दा बढी ५६८ (२८ प्रतिशत) र गण्डकी प्रदेशमा ५३२ (२६.३ प्रतिशत) संक्रमित भेटिएका छन्। जिल्लागत रूपमा झापा (२०४), बागलुङ (१८०), सुनसरी (१६१), पाल्पा (११६) र कास्की (११०) सबैभन्दा बढी प्रभावित रहेका छन्।

मनसुन सक्रिय भएसँगै संक्रमण बढ्ने जोखिमलाई ध्यानमा राख्दै सरकारले 'श्रावण, भाद्र, आश्विन : डेंगु सचेतना तीन महिने अभियान' सञ्चालन गरेको छ। अभियानअन्तर्गत डेंगु सार्ने एडिस एजिप्टी लामखुट्टेको वासस्थान र प्रजननस्थल खोजी गरी नष्ट गर्ने तथा समुदायस्तरमा जनचेतना अभिवृद्धि गर्ने लक्ष्य राखिएको महाशाखाले जनाएको छ।

महाशाखाले प्रभावित जिल्ला तथा स्थानीय तहमा संक्रमणको नियमित विश्लेषण गर्दै रोकथाम तथा नियन्त्रणका लागि आवश्यक प्राविधिक सुझाव र निर्देशनसमेत दिइरहेको जनाएको छ।

स्वास्थ्य अधिकारीहरूले घर, कार्यालय तथा सार्वजनिक स्थान वरपर पानी जम्न नदिने, पुराना टायर, ड्रम, गमला, बोतल र खुला भाँडाको नियमित सरसफाइ गर्ने, लामो बाहुलाको कपडा लगाउने, झुल तथा झ्याल-ढोकामा जाली प्रयोग गर्ने र लामखुट्टेबाट बच्ने उपाय अपनाउन आग्रह गरेका छन्।

डेंगुका लक्षण देखिएमा तत्काल नजिकको स्वास्थ्य संस्थामा पुगेर परामर्श लिन र उच्च सतर्कता अपनाउन महाशाखाले सबैमा अपिल गरेको छ।

# मधेशमा मानवअधिकार उल्लङ्घनका ३९ उजुरी दर्ता

• टक नेपाल

राष्ट्रिय मानवअधिकार आयोगको मधेश प्रदेश कार्यालय, जनकपुरधाममा आर्थिक वर्ष २०८२/८३ मा मानवअधिकार उल्लङ्घनसम्बन्धी ३९ वटा नयाँ उजुरी दर्ता भएका छन्।

आयोगका प्रमुख बुद्धनारायण सहनी केवटका अनुसार नागरिक तथा राजनीतिक अधिकार, महिला तथा बालअधिकार, जातीय विभेद, आर्थिक-सामाजिक अधिकार र यातनाविरुद्धका विषयमा उल्लेख्य उजुरी प्राप्त भएका हुन्।

दर्ता भएका उजुरीमध्ये नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी १७, महिला हिंसा तथा लैङ्गिक विभेदसम्बन्धी सात, बालअधिकारसम्बन्धी तीन, जातीय विभेदसम्बन्धी दुई, स्वास्थ्य, शिक्षा, रोजगारी, खाद्य सुरक्षा, आवास र सामाजिक सुरक्षाजस्ता आर्थिक-सामाजिक अधिकारसम्बन्धी आठ तथा यातनाविरुद्धका अधिकारसम्बन्धी तीन उजुरी रहेका छन्।

आर्थिक वर्ष २०८२/८३ मा आयोगले ११० वटा उजुरीको छानबिन तथा अनुसन्धान सम्पन्न गरी अन्तिम निर्णयका लागि केन्द्रीय कार्यालय पठाएको छ। हाल ३७७ वटा उजुरीमाथि विस्तृत अनुसन्धान भइरहेको आयोगले जनाएको छ।

उजुरीका आधारमा सम्बन्धित निकायसँग विवरण माग्ने, पीडित तथा सरोकारवालासँग बयान लिने, घटनास्थल निरीक्षण गर्ने तथा आवश्यक समन्वयात्मक प्रक्रिया अघि बढाइएको प्रमुख केवटले जानकारी दिए।

उनका अनुसार प्रहरीमा जाहेरी दर्ता नहुनु, अनुसन्धान प्रभावकारी नहुनु, पीडितले समयमै न्याय नपाउनु, प्रशासनिक निकायबाट ढिलो सुनुवाइ हुनु तथा सरकारी सेवामा पहुँचसम्बन्धी समस्याका विषयमा बढी उजुरी आउने गरेका छन्।

सरोकारवालाका अनुसार मधेश प्रदेशमा सामाजिक तनाव, लैङ्गिक हिंसा, जातीय विभेद, प्रशासनिक लापरबाही तथा न्यायमा पहुँचसम्बन्धी समस्याका कारण मानवअधिकारसम्बन्धी गुनासो बढ्दो क्रममा रहेका छन्।

**सर्पले टोकिहालेमा के गर्ने ?**

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

**सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।**

**बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी**

# नैतिक शिक्षा अनिवार्य बनाउन मधेशी आयोगको सुझाव

• टक नेपाल



मधेशी आयोगले विद्यालय तहमा नैतिक शिक्षालाई अनिवार्य विषयका रूपमा समावेश गर्न सरकारसँग आग्रह गरेको छ। आयोगले आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन मार्फत नैतिक शिक्षा कार्यक्रमको आवश्यकता औंल्याएको हो।

प्रतिवेदनमा वर्तमान समाज स्वार्थ, लोभ, असहिष्णुता, साम्प्रदायिकता तथा भाषिक, सामाजिक, धार्मिक र जातीय विभेदजस्ता चुनौतीबाट प्रभावित भएकाले नैतिक शिक्षामार्फत सकारात्मक सामाजिक रूपान्तरण आवश्यक रहेको उल्लेख गरिएको छ।

आयोगका अनुसार नैतिक शिक्षाले असल व्यक्ति, असल समाज र असल चरित्र निर्माण गर्न, व्यक्तिमा सदाचार, विनम्रता, सद्भाव, प्रेमभाव, परोपकार तथा सामाजिक उत्तरदायित्वको भावना विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। परिवार, समाज र राष्ट्रलाई सही दिशातर्फ अघि बढाउन नैतिक शिक्षालाई पाठ्यक्रममै अनिवार्य विषयका रूपमा समावेश गर्नुपर्ने आयोगको सुझाव छ।

हाल विद्यालय पाठ्यक्रममा नैतिक शिक्षा अनिवार्य विषयका रूपमा नरहे पनि आयोगले बाराको कलैया, धनुषाको जनकपुरधाम र बाँकेको नेपालगञ्जमा नैतिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरेको जनाएको छ।

मधेशी आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सोमबार राष्ट्रिय सभामा पेस हुने कार्यसूची रहेको छ। प्रतिवेदनमा आयोग ले स्थापनाकालदेखि नै मधेशी र मधेशी समुदायको अधिकार संरक्षण, समावेशीकरण तथा बहिष्करणमा परेका समुदायको हितमा काम गर्दै आएको उल्लेख गरिएको छ।

# सुस्तामा बाँध निर्माणका क्रममा सीमा विवाद अवस्था सामान्य

• टक नेपाल



पश्चिम नवलपरासीको सुस्ता क्षेत्रमा अस्थायी बाँध निर्माणका क्रममा नेपाल-भारत सीमा विवादसँग सम्बन्धित तनाव उत्पन्न भएको छ। भारतीय सशस्त्र सीमा बल (एसएसबी) र स्थानीयवासीबीच केहीबेर तनाव भएपछि सशस्त्र प्रहरी बल नेपालले हस्तक्षेप गरी अवस्था सामान्य बनाएको छ।

गृह मन्त्रालयका अनुसार सुस्ता क्षेत्र नेपाल-भारत तबीच औपचारिक रूपमा सीमांकन हुन बाँकी रहेको संवेदनशील क्षेत्र भएकाले दुवै देशबीच 'स्टाटस-को' कायम राख्ने सहमति छ।

साउन १५ गते नारायणी नदीको बहावका कारण बाढीको जोखिम बढेपछि स्थानीयवासीले अस्थायी बाँध निर्माण सुरु गरेका थिए। त्यसक्रममा सशस्त्र प्रहरी बल नेपाल र भारतीय एसएसबीका अधिकारीबीच छलफल भएपछि 'स्टाटस-को' कायम रहने गरी बाँध निर्माणको काम अगाडि बढाइएको थियो।

पछि स्थानीयले विवादित क्षेत्रनजिक माटो थुपारेपछि साउन १७ गते दुवै पक्षको उपस्थितिमा माटो सम्याउने काम गरिएको थियो। त्यसको केही समयपछि भारतीय एसएसबीका केही सुरक्षाकर्मी पुनः घटनास्थल पुगेको खबर फैलिएपछि स्थानीयवासी भेला भई विरोध जनाएका थिए।

सूचना पाएलगत्तै सशस्त्र प्रहरीको टोली घटनास्थलमा पुगेर भारतीय पक्षलाई फर्काएको थियो। त्यसपछि स्थिति नियन्त्रणमा आएको प्रहरीले जनाएको छ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार हाल सुस्ताको अवस्था पूर्ण रूपमा सामान्य छ स्थानीय तहमा सशस्त्र प्रहरीमार्फत भारतीय सुरक्षा निकायसँग निरन्तर समन्वय भइरहेको तथा प्रमुख जिल्ला अधिकारीमार्फत भारतीय प्रशासनसँग पनि आवश्यक संवाद भइरहेको उनले बताए। घटनाबारे परराष्ट्र मन्त्रालयलाई समेत जानकारी गराइएको छ।

नारायणी नदीको धार परिवर्तनसँगै वर्षौंदेखि संवेदनशील रहेको सुस्ता क्षेत्र नेपाल-भारत सीमा विवादको प्रमुख केन्द्रमध्ये एक मानिन्छ। सीमा विवादका कारण यस्ता घटना समय-समयमा दोहोरिने गरेका छन्।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883

**खुशी मेडिकल हल**
बर्दिबास-२, महोत्तरी **औषधी पसल**
यहाँ सबै प्रकारका औषधी सुपथ मूल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ।

**मानव बेचबिखन विरुद्ध सचेतना**

- मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो।
- आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौं।
- विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस्।
- अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस्।
- सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस्।
- बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौं।
- कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔं।
- सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔं।
- लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौं।
- आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔं।
- बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौं।
- कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो।

- बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौं।
- मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौं।

गौशाला नगरपालिका, महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014